# महाकाली अंचलको पुरातात्विक अन्वेषण ★

साफल्य अमात्य

गतवर्ष २०२६ सालमा श्री ५ को सरकार, पुरातत्व विभागका अभिलेख विशेषज्ञ साफल्य अमात्य, सम्पादक श्री शंकरमान राजवंशी, फोटोग्राफर श्री सानुराज शाक्य र पिउन श्री धर्मरत्न वज्राचार्यसहितको एक संयुक्त दलले करीब तीन हप्तासम्म महाकाली अंचलको दार्चुला तथा बैतडी जिल्लाहरूमा गई पुरातात्विक सामग्रीहरूको अन्वेषण, सङ्कलन तथा अध्ययन आदि गरे।

मंसीर महीनाको आखिरी हप्तामा पुरातत्व विभागको अन्वेषण दल दार्चुला जिल्लामा पुगे र पुगेको भोलिपल्टदेखि नै सो दलले आफ्ना कार्यहरू शुरू गरे। सो दलले आफ्ना कार्यहरू निम्नलिखित किसिमबाट सुसम्पन्न गरेका थिए।

(क) उक्त जिल्लामा रहेका अभिलेखहरू, हस्तलिखित ग्रन्थहरू, शिलापत्र तथा ऐतिहासिक कागजातहरूको सर्भेक्षण, सङ्कलन, नक्कलउतार तथा फोटोउतार।

(ख) सो जिल्लामा रहेका मन्दिर, मूर्ति, प्राचीन दरवार, किल्ला तथा घरहरूको सर्भेक्षण तथा फोटोउतार।

(ग) साथै सो जिल्लाबारे पुरातत्व, इतिहास र संस्कृति-सम्बन्धी अरू जानकारी तथा वस्तुस्थितिको अध्ययन आदि।

पश्चिम नेपालको मुख्य जिल्लाहरूमध्ये दार्चुला पनि एक मानिन्छ। दार्चुलाको सदर मुकाम खीरकोट भन्ने डाँडा-मनि बसेको छ। यो जिल्ला श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले विशाल नेपाल बनाउनुभन्दा अगाडि (ई. १७६१ सम्म) डोटीका राजाहरूको मातहतमा थियो। यहाँ कसरी बस्ती बस्न पुग्यो भन्ने कुरामा धेरै दन्त्यकथा सुन्न पाइन्छ। महाकाली अंचलका केही जिल्लाको थाहा पाइए-सम्मको इतिहास तल उकुँको भग्नावशेषको सन्दर्भमा दिइएको छ।

दार्चुला पुगेको भोलिपल्टै हामीले त्यहाँ रहेका ऐतिहासिक महत्वका अभिलेख तथा कागजातहरूको सङ्कलन, अध्ययन, नक्कलउतार आदि कार्य गऱ्यौं। दार्चुला जिल्लामा यस किसिमका सामग्री नभेट्टिने त कुरै भएन। जाडोको याम भएको हुनाले सौंकाज्यूहरूले धेरैजसो कागजातहरू र अरू यस्तै किसिमका पुरातात्विक महत्व भएका सामग्रीहरू माथि व्यास (भोट) मै छोडेर आएका रहेछन्, तर पनि हामीले प्राप्त गरेका कागजातहरूमध्ये यहाँ उल्लेखनीय चाहिं यिनै हुन्।

(क) सम्वत् १८७१ मा काजी रणजोर थापाले व्यास भोटका पंच बूढा रैतीलाई लालमोहरको ठेकबमोजिम पैसा कम्पनीमा दाखिल गर्नू भन्ने पत्र (फलक नं. २ क)।

(ख) सम्बत् १८७२ मा चौतरिया बम शाहले जुमला, हुमलाका रैतीहरूलाई लुटपीट नगर, अंग्रेजसंग सन्धि भयो भनी लेखेको पत्र (फलक नं. २ ख)। दार्चुला सदरवरपर हामीले कुनै पनि खास महत्वका शिलालेखहरू भेट्टाउन सकेनौं। हस्तलिखित ग्रन्थहरू पनि भेट्टिएनन्, तैपनि हामीलाई विश्वास छ व्यास (भोट) का सौकाज्यूहरूसंग माथि व्यास (भोट) मा केही न केही मात्रामा यस्ता ग्रन्थ तथा ऐतिहासिक महत्वका कागजातहरू जरूर होलान्। जाडोको महीनामा व्यासतर्फ लाग्ने कुरै भएन, धेरैजसो सौका मुखियाज्यूहरूसंग कुराकानी गर्दा यस किसिमका वस्तुहरूको राम्रो सुरक्षा र हिफाजत गरिएको र अब उप्रान्त बरोबर यस किसिमका वस्तुहरूको सङ्कलन,

★ वि. सं. २०२६ पुरातत्वविभागका अन्वेषणदलबाट भएको महाकाली अंचलका पुरातात्विक वस्तुहरूको अन्वेषण, अनुसन्धान, संकलनबारेको संक्षिप्त प्रतिवेदन– सं.।

खोज, अनुसन्धानमा सम्बन्धित विभागहरूलाई मद्दत दिने वचन पनि दिए।

सदरभित्रको मुख्य देवस्थल नै भगवान् मल्लिकार्जुनको रहेछ। मन्दिरभित्र खास कुनै मूर्ति थिएन। र दुइ फुट लामो साढे एक फुट चौडाइको दुइवटा पत्थरका सिंहहरू रहेछन्। मन्दिर हालसालै मात्र कल्याण क्षेत्री नामक एक व्यक्तिले सम्पूर्ण जीर्णोद्धार गरेको रहेछ। मन्दिरको धार्मिक महत्वबाहेक अरू केही छैन। मन्दिर खास कलापूर्ण तथा प्राचीन नभए तापनि दार्चुला सदरवरपर त्यो नै सबभन्दा ठूलो र मुख्य मन्दिर रहेछ। असोज सप्तमीको दिन त्यहाँ ठूलो मेला लाग्दछ।

दार्चुलाको स्थानीय भाषाले मन्दिरलाई **माणु** भन्दो रहेछ। सानासाना चैत्य आकारका पत्थरका माणुंहरू जताततै देखिन्छन्। ती माणुंहरूभित्र खास मूर्तिसहितका देव, देवीहरूभने बिरलै पाइन्छन्। सदरभित्र चूनढुंगामा कुंदिएको करीब एक फीट लम्वाइको र ६ इन्च चौडाइको भगवतीको एउटै मात्र कलात्मक मूर्ति छ। स्थानीय जनता ती देवीलाई कालीमाई भनी पूजा गर्दछन्।

दार्चुलामा केही दिन बसी त्यहाँको पुरातात्विक सम्पत्तिको सर्भेक्षण आदि गरी हामी त्यस जिल्लाको उकुँ नामक गाउँतर्फ लाग्यौं। महाकाली अञ्चलमा एकमात्र पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण स्थल भएको हुनाले र खास गरी भू. पू. जिल्ला सभापति श्री गणेशबहादुर पालको प्रोत्साहनले गर्दा हामी सजिलैसंग उकुँ पुग्यौं। उकुँमा एउटा ठूलो मन्दिरको भग्नावशेषको हामीलाई अध्ययन गर्नु थियो। त्यस भग्नावशेष भएको थलोलाई स्थानीय जनता **महल** भन्दा रहेछन्। श्री गणेशबहादुरजीको घरबाट केही बेर उकालोचढेपछि हामी त्यो भग्नावशेष भएको ठाउँमा पुग्यौं। त्यो भग्नावशेष एउटा ठूलो मन्दिरको भग्नावशेष हो। त्यस भग्नावशेषवरपर छरिएर रहेका मूर्तिहरूको अध्ययन गरी हेर्दा त्यो मन्दिर शिव या विष्णुको हुनु धेरै सम्भव थियो (फलक नं. ३ क, ख)। साथै उक्त स्थानमै काली, लक्ष्मी आदि देवीहरूका मूर्तिहरू पनि भेटिएका छन्। जनावर, पशु, पंक्षी आदिका जस्तै बाघ, साँढे, हात्ती, गोही आदिका आकृतिहरू पनि भेट्टिएका छन्। ती सबको अलावा त्यसै मन्दिरको प्रस्तरको भग्न तर कलापूर्ण भागहरू जस्तै झ्याल, ढोका, खम्बा, तोरण आदि पनि भेट्टिएका छन्। भग्नावशेषमा रहेका पत्थरका कलाकृतिहरूलाई हेर्दा त्यो मन्दिर संभवतः तेह्रौं, चौधौ शताब्दीतिरको झैं देखिन आउँदछ।

उकुँ महलको भग्नावशेषको अलावा त्यहां नजीकै अरू अरू ठाउंमा पनि यस्तै प्रस्तरमा कुँदिएका र बनाइएका कलात्मक मूर्तिहरू र कारीगरीका उच्चतम नमूनाहरू पाइएका छन्। जस्तै भगवान् सैपाल मांणुको मन्दिरवरपर पनि यस्ता धेरै मूर्तिहरू छन्। त्यहां रहेका मूर्तिहरूमा भगवती, भैरव, महाकाली आदिका मूर्तिहरू ज्यादै कलात्मक तथा आकर्षित छन् (फलक नं, ४ क)। ती मूर्तिहरू उकुँकै समसामयिक हुन धेरै संभव छ। ती मूर्तिहरू पूजाआजा गरी मन्दिरका माईहरूले सुरक्षितका साथ राखिएका छन्। सैपाल मांणुको वस्तुस्थिति हेर्दा त्यो ठाउं पनि तेह्रौं शताब्दीभन्दा अगाडिको जस्तो देखिन आउंदैन। सैपाल मांणुको मन्दिरवरपर एउटा प्राचीन शिवलिंग र शिवपार्वतीको एउटा नयां मूर्ति राखिएको छ। मन्दिरवरपर चारवटा सानासाना शिवलिंगसहितका मन्दिर छन्। वास्तवमा ती मन्दिर त्यहांका स्वर्गवासी जोगीहरूको संझनार्थ बनाएका स्मारकहरू हुन्। शिवरात्रीको दिन यहां विशेष मेला लाग्दछ। श्री गणेशबहादुरजीको घरवरपरको खेतमा पनि यस्ता कलात्मक वस्तुहरू यत्रयत्र छरिएर रहेका छन्। उहांको पिताज्यूको भनाइअनुसार उहांको घरको जग खन्दा जगबाट धेरै पत्थरका टुक्राहरू निस्के, ती मध्ये कुनै चांहि कलात्मक पनि थिए। शायद ती पत्थरहरू पहिलेका राजाहरूका दरवारका भग्नावशेष थिए होलान्। यस्तै उकुँ भैरवस्थानमा पनि निकै संख्यामा यस्ता पत्थरका मूर्तिहरू र भग्नावशेषहरू देखापरेका छन्।

उकुँको भग्नावशेष रहेका ठाउंमा एउटा शिलालेख पनि भेट्टाइयो। उक्त शिलालेख घामपानीले गर्दा ज्यादै खिइसकेकोले पढ्न धेरै कठिन थियो। उक्त शिलालेखमा नागपाल राजा, सोमल्लदेवी रानी भनी लेखिएको चांहि प्रष्टै देखिन्छ तापनि शिलालेखको अरू भाग पढ्न सकिएन। हुन सक्छ त्यो शिलालेख नागपाल राजा र उनकी रानी सौमल्लदेवीले त्यो मन्दिर जीर्णोद्धार गर्दा वा निर्माण गर्दा स्थापना गरेको थियो। यस सन्दर्भमा खोजिनिती गर्दा सन्धिपत्रसंग्रह भाग एकमा शाके सम्वत् १२५६ को श्री चक्रवर्ती सम्राट् अपांडराज जुमलेश्वर पुण्य मल्ल देवको कनकपत्रमा उकुँको उल्लेख गरिएको छ। उक्त कनकपत्र अनुसार– "ठिक्या– जुमला सन्निदारका र उकुँ–बहतडी धारचुलाका ॥ आला दुई सय मुरी खेत सांखा राहुंको आलो १– सन्नि संख्या जिउलाका राहुंको– रांचुलीको १ एक सय मुरी खेत। लुसांसान्निका लुसां गाउँका वीरको एकसय मुरी खेत। कोट– कनककोट

१ कोल्टी कोट १ का मदनदेवको एकसय मुरी खेत १ सबै एकत्र खेत ५–५०० मुरी खेत, राहुले सूर्यलाई ग्रास गरेको वेलामा– सूर्य ग्रहणमा (सूर्यवंशी– आदित्य वंशका) राजा पुण्य मल्ल देवले, श्री विद्याकर विद्वान्लाई सबै बाधाहरू-बाट मुक्त– सर्वाङ्गी माफ सर्वकर अकर गरि– आलिका पञ्चक–पांचखेतप्रतिपादितम्– प्रदानगर्नुभयो– बिर्ता दिनुभयो। भन्ने उल्लेख छ।

माथि उल्लिखित कनकपत्रबाट यो सिद्ध हुन्छ चौधौं शताब्दीमा उकुँ जुमलाका राजाको अधीनमा थियो। जुमला-मा पालवंशीय राजाहरूले धेरै वर्षसम्म राज्य गरेको कुरा प्रमाणित छ। यी सूर्यवंशी राजाहरूको वंशावली हेरेको खण्डमा यिनका पुर्खाहरूले कहिले पाल, कहिले राज, कहिले चल्ल र कहिले मल्ल भन्ने पदवीहरू आ-आफ्ना नाउँहरूसंगै जोड्ने पनि गरेको देखिन्छ। **सन्धिपत्रसंग्रह**मा उल्लिखित शाके सम्वत् १२७९ को जगज्जेष्ठ जुमलेश्वर अपाडराज सेजाधिराज पृथ्वी मल्ल देवको दुर्लङ्घ्य नगरका कोटी स्तम्भको (कीर्तिस्तम्भ) अभिलेखअनुसार आदित्य वंशमा राजा आदिपाल भए। आदिपालका पुत्र राजा अमरपाल भए। अमरपालका पुत्र राजा जयपाल भए। यसरी क्रमशः विजयपाल, वीरपाल, विक्रमपाल, श्रीपाल, धीरपाल, सोम-पाल, सूर्यपाल, समुद्रपाल, सुखपाल, गृहपाल, महिपाल . . . विश्वपाल, जीवपाल, श्रीगेला, सरल, श्री जाव, पुण्य मल्ल, श्री मल्ल, जावेश्वर, नागराज, चापराज, चापिल्ल, काशी चल्ल, क्रापि चल्ल, क्राचल्ल, अशोक चल्ल, आनन्द चल्ल, रिपु मल्ल, संग्राम मल्ल, जितारि मल्ल, आदित्य मल्ल, कल्याण मल्ल, प्रताप मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल आदि; तर महिपालपछिका दुइ तीन राजाहरूको नाउँ अस्पष्ट छ। यस कीर्तिस्तम्भअनुसार छोट्करीमा पालवंशीय राजाहरूको वंशावली देखापर्दछ, तर उकुँको शिलालेखमा उल्लिखित नागपाल राजा र सोमल्लदेवी रानीको भने कतै उल्लेख छैन। धेरै संभव छ नागपाल राजा महिपालपछिका पुण्य मल्ल अघिका एक राजा थिए। किनभने ती नामहरू स्पष्ट छैनन्। तर प्रचलित कथाअनुसार नागपालपछि उनको छोरा शिशु-पाल राजा भए। शिलशुपालकी रानी कौशल्यादेवी थिइन्। यो कुरा विचार गर्दा शायद् सुखपाललाई नै शिशुपाल भनेका पनि हुन् भने समुद्रपाललाई नागपाल भन्नुपर्ने खण्ड आउँछ। वास्तवमा यी सबैको अनुसन्धान गर्न बाँकी नै छ।

अरू पहाडी राज्यहरूमा जस्तै उकुँमा पनि पालहरू बाह्रौं शताब्दीपछि नै आएका हुन्। यसै सन्दर्भमा यो कुरा उल्लेख गर्नु उचित होला जस्तो लाग्दछ। हामीले दार्चुलामै सुनेका थियौं–कुनै एक पाल राजाका चार छोरा थिए। ती राजाले आफ्नो मृत्युपछि राज्यको लागि छोराहरू झगडा गर्लान् भन्ने डरले आफू छँदैमा आफ्नो राज्य छोरा-हरूलाई बाँडिदिए। तीमध्ये जेठो छोराले निसील भन्ने ठाउँको राज्य पाए र आफ्नो कुलदेवता मल्लिकार्जुनको पुजारी पनि भए। दोस्रो छोराले उकुँको राज्य पाए, तेस्रोले देवथलाको राज्य पाए र चौथो तथा कान्छोले अस्कोटको राज्य पाए।

लोकोक्ति, जनश्रुति जे भए तापनि हामीले बढ्ता तथ्य-तिर ध्यान दिनुपर्दछ। यसै सन्दर्भमा हिमालयका पहिलो राजवंश कटचुरीहरूको इतिहास पनि हामीले बुझ्नुपरेको छ। जुम्ला र डोटीका पाल, मल्ल, चल्ल आदि सब पश्चिम-हिमालका देश गढवालतर्फबाट नै नेपालभित्र पसेका हुन् भन्ने कुरामा धेरै विद्वान्हरूको सहमति छ। यी क्षेत्रहरूको सांस्कृ-तिक तथा धार्मिक रहनसहन, परम्परा आदिको अध्ययन गरी हेरेको खण्डमा पनि यो कुरालाई प्रमाणित गर्न गाह्रो पर्दैन।

कटचुरीवंश हिमालको पहिलो राजवंश थियो। यो वंशको इतिहास अझसम्मै एउटा गहिरो खोजको विषय बनी हाम्रो सामु उभिएको छ। कटचुरीवंशको धेरै हाँगा बिंगाहरू हिमाली प्रदेशमा फैलिए। तीमध्ये पश्चिमी नेपाल-का पाल, चल्ल, मल्ल आदि पनि हुन्। पछि जब समय समयमा भारतबाट रजपूतहरूले यी प्रदेशहरूमा हमला गर्न थाले तबदेखि धमाधम रजपूत र यिनीहरूको आपस आपसमा विवाह आदि चल्न थाल्यो र एउटा नयाँ वर्गको विकास भयो। जुन वर्णका मानिसहरू आजसम्मै यी इलाकाहरूमा छँदैछन्। अनुसन्धाताले यो पनि पत्तालगाइसकेको छ कटचुरी र पाल राजाहरूका अभिलेखहरूमा धेरै कुराको समानता पनि पाइन्छ। मगधका राजा धर्मपाल र उनका प्रतापी छोरा देवपालले नवौं शताब्दीतिर हिमालका प्रदेशहरू विजय गरेका थिए। राहुल सांस्कृत्यायनको भनाइअनुसार ई. सम्वत् ८५० देखि ई. १०५० सम्म यी हिमालयका प्रदेशहरूमा कटचुरीहरूले राज्य भोग गरे। कटचुरीको राज्य बसन्तन् भन्ने एक राजाले सम्वत् ई. ८५० मा स्थापना गरेका थिए। यिनका समकालीन मगधका राजा विग्रहपाल थिए। यसरी तेह्र जवान कटचुरी राजाहरूले हिमालयका प्रदेशहरूमा संवत् ई. १०६५ सम्म राज्य गरेको देखिन्छ। यस वंशको अन्तिम राजा सुभिक्षराज थिए जसले ई. सम्वत् १०४५ देखि

१०६५ सम्म राज्य गरे । त्यसपछि विशाल कटयुरी हिमाली राज्य कमजोर भई विभाजित भएको देखिन्छ, किनभने तेह्रौं शताब्दीमा आएर कटचुरीवंशकै रजवारहरूले डोटी, अस्कोट, पाली (द्वाराहाट) आदि हिमाली प्रदेशहरूमा अलग अलग स्वतन्त्र राज्यहरू स्थापना गरिसकेको देखिन्छ।

शत्रुबाट पराजित भएका राजाहरू भागेर टाढा टाढाका देश देशावरहरूमा गई शरण पर्ने कुरा इतिहासमा जतासुकै पाइन्छ। डोटी र अस्कोटका राजाहरूका वंशावलिमा कटचुरी राजाहरूका मूलपुरुष शालिवाहनलाई आफ्नो पूर्वज मान्दछन्। शालिवाहन वास्तवमा आन्ध्रका सातवाहन राजाहरूको नाम थियो । यी सातवाहन राजाहरू र शक राजाहरूबारे भारतको इतिहासमा धेरै उल्लेख पाइन्छ। सातवाहन राजाहरूको समय समयमा शकहरूसंग झगडा, लडाईं र समय समयमा मेल मिलाप हुन्थ्यो। यो पनि हुन सक्दछ यी सातवाहन राजाहरू तथा यिनका समकालीन शक राजाहरूलाई त्यस समयमा भारतमाथि आक्रमण गर्दै आइरहेका हूणहरूले भगाई यी हिमाली प्रदेशहरूको शरण लिन बाध्य तुल्याए। किनभने यी कटचुरी राजाहरूको शक राजाहरूसंग सम्बन्धमा प्रमाणस्वरूप शक सूर्यमूर्तिहरू, द्वारहाट, कटारमल, बैजनाथ, वागेश्वर आदि धार्मिक स्थलहरूमा पाइएका छन्। साथै यी हिमाली प्रदेशहरूमा विक्रम सम्वत्को बदला शक सम्वत् चलेको छ । फेरि डोटी र अस्कोटका पाल तथा मल्ल राजाहरू पनि रजपूत र शालिवाहनलाई नै आफ्नो पूर्वज मान्दथे।

एघारौं शताब्दीको अन्त्य तथा बाह्रौं शताब्दीको शुरू शुरूमा कटचुरी राज्य टुक्राटुक्री भयो। कटचुरीहरूको इतिहासबाट यो सिद्ध हुन्छ । सुभिक्षराजपछि नै यिनीहरूको शक्ति नाश हुँदै गयो। सुनिन्छ यो राज्य छः भागमा बाँडियो (१) काली उपत्यका (२) डोटी (३) अस्कोट (४) वारामण्डल (अल्मोडा) (५) बैजनाथ (वागेश्वर) (६) द्वाराहाट (लखनपुर)। वास्तवमा कट्युरी राज्यको ह्रासपछि धेरैजसो साना साना राज्यहरू कट्युरी राजवंशकै रजवारहरूले खडा गरेका थिए। यीमध्ये पछिसम्म पनि नेपालतर्फ प्रभावकारी भरहेको चाहिं डोटी थियो । डोटीमा अन्तिम कट्युरी राजामध्ये एक त्रिलोक पालका छोरा निरञ्जनदेवले ई. सम्वत् १२७९ तिर राज्य स्थापना गरी बसेका थिए। यसै समयमा त्रिलोक पालको अर्को छोरा अभय पालले अस्कोटमा अर्को राज्य खडा गरे। डोटीको राजा जेठो, शक्तिशाली र सम्पन्न भएको हुनाले महाराज र अस्कोटको चाहिं राजकुमार वा रजवार भनिन थाले। यसको केही समयपछि नै जुम्लाका मल्ल राजाहरू जो डोटीबाट नै जुम्ला गएका कटचुरीहरू थिए, तिनीहरूले धमाधम पश्चिमतिरका राज्यहरूमाथि चढाइ गर्न थाले । जुम्लाका राजा पुण्य मल्लको कनकपत्रअनुसार चौधौं शताब्दीमा उकुँ बैतडी, धारचुला, जुम्ली राजाहरूको अधीनस्थ थियो । यसै समय डोटी पनि जुम्लाकै अधीनस्थ थियो, जुम्लाका यी मल्लहरू शक्तिशाली भएकोले डोटी र कालीवारिपारिका धेरै प्रदेशहरूले यिनीहरूको अधीन स्वीकार गर्नुपरेको थियो । त्यति वेलाको जुम्ला राज्य यस प्रकारको थियो It was a large state, based on a feudal system which united the local chiefs under the paramount power of the Mallas, a new aristocracy was also created at the service of the rulers.

*Tucci*—**Preliminary Report on Two Scientific Expedition in Nepal Page 129.**

भारतको मध्यकालीन इतिहासमा कन्नौज र चितौरका राजाहरूलाई समय समयमा आपद् आइलागेको, समय समयमा ती राजवंशहरूले आफ्नो देश छोडेर अन्तै लाग्नुपरेको दृष्टान्त निकै पाइन्छ । पन्ध्रौं शताब्दीमा पनि यस्तै कुनै घटनापछि कन्नौजका अथवा चितौरका रजपूतहरूले हिमाली प्रदेशहरूमा हमला गरेको जस्तो बुझिन्छ । यसै समयमा पृथ्वी मल्लले शक्तिको पराकाष्टामा पुऱ्याएको राज्य विभाजित भै कमजोर भैसकेको थियो। तसर्थ कतै यी नवागन्तुक रजपूतहरूले अधिकार गरे, कतैका रजवारहरू आफैं स्वतन्त्र भए आदि। यसै क्रममा अस्कोट, डोटी आदिका रजवारहरू पनि स्वतन्त्र भए होलान्। किनभने जुम्लाभन्दा बाहिरका हिमाली प्रदेशहरूमा डोटी राज्यको मान्यता (जुम्ला-डोटी) पन्धौं शताब्दीसम्म मात्र चल्न सकेको देखिन्छ । त्यसपछि यी स्थानहरूमा स्थानीय सामन्त जस्तै चन्द, पाल आदिले स्वतन्त्रपूर्वक राज्य भोग गर्न थाले, तैपनि डोटीका राजा चुप लागेर बसेनन् आफ्ना सामन्तहरूलाई दबाउने कोशिशमा तिनीहरू सँधै तल्लीन थिए । कालीवारिका राज्यहरूलाई डोटीले सँधै एक किसिमसंग आफ्नै अधीनमा राखिछोडे, तर कालीपारि भने सकेनन्। पन्ध्रौं शताब्दीपछि फेरि डोटी शक्तिशाली भयो र डोटीका राजाहरूमध्ये पन्ध्रौं शताब्दीका नृपति मल्ल, सोह्रौं शताब्दीका गज मल्ल

आदि प्रख्यात छन् । सत्रौं शताब्दीतिर गएर यी राजाहरूले **शाही** भन्ने पदवी पनि लिए र सम्वत् १७७६ सम्म डोटी एक स्वतन्त्र हिमाली राज्य थियो जसको सिमाना कालीपारिका प्रदेशहरूसम्म पुगेको थियो । ई. सम्वत् १७६१ मा रणबहादुर शाहको पालामा डोटी पनि विशाल नेपालमा गाभियो । डोटीको साथसाथै डोटीको मातहतमा रहेका उकुँ, बैतडी, धारचुला सबै गाभिए ।

यी माथि उल्लिखित कटचुरीवंशको छोटो इतिहासबाट हामी भन्न सक्छौं शायद उकुं पनि बाह्रौं शताब्दीतिर टुक्रिएको कटचुरी राज्यको एक भाग थियो र त्यहाँ पनि कुनै एक पाल वंशका सामन्तले आफूलाई डोटी र अस्कोटका रजवारहरूले झैं स्वतन्त्र घोषित गरी राज्य गर्न थाले । संभवतः यो राज्य बाह्रौं शताब्दीको आधा आधी वा अन्त्यमा शुरू भई चौधौं शताब्दीसम्म मात्र चल्न सकेको हुनुपर्दछ । उकुँको शिलालेखमा उल्लिखित नागपाल राजा शायद यसै वंशका त्यस समयका एक राजा थिए र उनको छोरा शिलुपाल थिए । हुनसक्छ यो विशाल शिव या विष्णुको मन्दिर या त नागपाल आफैंले बनाए या त यिनले यसको जीर्णोद्धार गरी यो शिलालेख राखेका थिए । यसबारे अझै विस्तृत अनुसन्धान हुन सक्दछ र यी माथि दिइएका व्याख्याहरूको मुख्य उद्देश्य उकुँको इतिहासमाथि प्रकाश पार्नुनै हो । उकुँ र नागपाल राजाबारे अरू जे जति प्रमाण तथा तथ्यहरू राखिन्छ त्यो सँधै स्वागतयोग्य छ ।

उकुँको भग्नावशेष, प्राकृतिक सौन्दर्य हेरी मुग्ध नहुने कोही हुँदैनहोला । महाकालीको किनारमा बसेको यो सानो उपत्यकामा यातायातको कुनै विशेष सुविधा नभए तापनि अति रमणीय छ । उकुँको दक्षिण-पश्चिम महाकाली बगिरहेको छ । वास्तवमा उकुँको त्यो भग्नावशेष अत्यन्त लालित्यपूर्ण तथा सुन्दर प्रस्तरकलाका नमूनाहरूले भरपूर छ । धेरैजसो मूर्तिहरू साधारण मानिसको उचाइ जत्रै छन् । मूर्तिहरू अझै धेरै बिग्रन पाएका छैनन्, तसर्थ समयमै यो भग्नमन्दिरको पूर्ण निर्माण हुनसकेको खण्डमा भविष्यमा उकुँ एक प्रसिद्ध रमणीय दृश्यावलोकन गर्ने ऐतिहासिक स्थल हुन सक्दछ ।

उकुँबाट हामी बैतडीतर्फ लाग्यौं । बैतडीमा हामीले पुगेको भोलिपल्टदेखि नै आफ्नो कार्य शुरू गर्‍यौं । प्रमुख जिल्ला अधिकारी, जिल्ला सभापति र जिल्ला शिक्षा निरीक्षक आदिलाई साथ लिई हामी देवलहाटका चार शिव मन्दिरहरू हेर्न गयौं (फलक नं. ४ ख) । शिवजीका यी मन्दिरहरू दक्षिण भारतको मण्डपशैलीमा बनेका छन् । भैंचालो, घामपानी र समयमा जीर्णोद्धार नहुँदा यी मन्दिरहरू चाँडैनै ढल्ने अवस्थामा पुगिसकेका छन् । यी मन्दिरहरू बैतडीका प्राचीन राजाहरूका इष्टदेवताका मन्दिरहरू हुन् भन्दछन् । पत्थरका यी एकसमानका करीव तीस, चालीस फुट अग्ला मन्दिरहरू संभवतः तेह्रौंदेखि पन्ध्रौं शताब्दीतिर बनेको हुनुपर्दछ । ती मन्दिरहरूमध्ये बीचको मुख्य मन्दिरभित्र एउटा राम्रो सहस्र शिवलिंग छ । ती मन्दिरका इलाकाभित्र अरू केही साना साना कलापूर्ण मूर्तिहरू पनि छन् जस्तै गणेश, भगवती, उमामहेश्वर आदि । उमा-महेश्वरको मूर्तिको शिरभाग छैन, तैपनि यो मूर्ति निकै आकर्षित देखिन्छ (फलक नं. ५ क) । **यहीं नै** शाके संवत् १७३० मा रुद्रवीर शाहीले राखेको एक शिलालेख पनि छ । सो शिलालेख श्री नरहरि नाथज्यूले **सन्धिपत्र संग्रह** भाग १ पेज ६५३ मा प्रकाशित गरिसकेका छन् । शिवरात्रीमा देवलहरूमा ठूलो मेला लाग्दछ ।

देवलहाटभन्दा केही अग्लो डाँडा जस्तो ठाउँमा कुल्लेकोट भन्ने ठाउँ छ । त्यो पहिलेका चन्दराजाहरूका कोटको भग्नावशेष हो भन्दछन् । यो कोट बैतडीका एक चन्द वंशका राजा झुलि चन्द भन्नेले बनाएका थिए भन्दछन् । सुनिन्छ यिनै झुलि चन्द राजालाई नायब बहादुर शाहले पराजित गरी बैतडीलाई विशाल नेपालभित्र गाभेका थिए । यस कुराको आधारमा हामी यो भन्न सक्दछौं झुलि चन्द, बैतडीमा शासन गर्ने चन्द राजा (सामन्त) हरूमध्ये अन्तिम थिए होलान् । बैतडीमा चन्दहरूले शासन गरेको कुरामा ऐतिहासिक प्रमाणहरू भेटिएको नभए तापनि चन्दहरूको वंशावलि र चन्दहरूको यहाँ चल्दै आएको प्रभुत्वले पनि यस कुरामा ध्यान दिन इतिहासकारहरूलाई बाध्य गराउँदछ । राहुल सांकृत्यायनले आफ्नो पुस्तक **कुमायुं** मा यस कुराको उल्लेख गरेका छन्, पन्ध्रौं शताब्दीदेखि नै पश्चिम नेपालका चन्द सामन्तहरूले डोटीराज्यलाई बरोबर लुटपीट मचाई दुःख दिइरहेका थिए । यस सिलसिलामा डोटीका राजा एक चन्द सामन्त र भारतीय चन्दको लडाई भएको (१४५० ई.) थियो । यस लडाईंमा डोटीका राजाको हार भयो र चन्दहरूले कालीवारिका केही प्रदेशहरूमा कब्जा गरी स्वतन्त्रपूर्वक राज्यभोग गर्न थाले । बैतडी पनि कालीवारि नै भएको हुनाले शायद त्यति वेलादेखि नै चन्दहरूले बैतडीमा अधिकार गरेको पनि हुनसक्दछ । ई. १४५० मा भएको लडाईंमा हार भए तापनि डोटीका राजाहरू चुप लागी

बसेनन्, केही वर्षपछि नै फेरि लडाईं गरे र सो लडाईंमा चन्दहरू हारे, त्यसपछि कालीदेखि पूर्वका सारा प्रदेशहरू फेरि डोटीका राजाले चन्दहरूको हातबाट केही समयको लागि फिर्ता लिए। फेरि डोटीका राजा र चन्दहरूको परस्पर-मा लडाईं भयो (१६८५ ई. मा)। यस युद्धमा डोटीका राजाहरू हारे र चन्दहरूले कालीको वारिपारिका समेत केही प्रदेशहरूमा कब्जा गरी राज्य भोग गर्न थाले। त्यसपछि ई. १७९१ मा जब विशाल नेपाल बनाउने अभियानमा डोटी नेपाली फौजको हातमा पऱ्यो तब यी साना साना राज्यहरू जस्तै दार्चुला, उकुँ र बैतडी आदि पनि संगसंगै विशाल नेपालभित्र आए।

कुल्लेकोटको पत्थरैपत्थरको किल्ला र दरवारको भग्नावशेषमा खास कलाकृति केही छैन। यो भग्नावशेषमा राजप्रासादमा हुनुपर्ने सबैजसो कोठाहरू र ठाउँहरू भएको हुनाले यस भग्नावशेषलाई राजप्रासादको भग्नावशेष भन्न सकिन्छ। भग्नावशेषनजीकै पूजाकोठा भन्ने ठाउँमा विष्णु र लक्ष्मीका मूर्तिहरू र केही फलामका त्रिशूलहरू छन्। यसै दरवारबाट अलि तलतिर दुर्गाभवानीको मन्दिर छ। मन्दिर-को मुख्य कोठामा बाहिरियाहरूलाई प्रवेश निषेध छ। मन्दिरको वास्तुकला खास तारीफयोग्य नभए तापनि यो मन्दिर छानेशैलीमा भएकोले यसको महत्व छ। यी दुर्गा भवानीलाई बैतडीका बोगटे क्षेत्रीहरूले चार सय वर्षअगाडि स्थापना गरेका थिए भन्छन्। शायद चन्दहरूको राज्यकालमा बोगटेहरू पनि चन्दहरूको नातेदार सामन्तहरू थिए होलान्। बोगटेहरूका इष्टदेवता नै दुर्गाभवानी हुन् र यहाँ फागुन महीनामा ठूलो मेला लाग्दछ तथा बडादशैं र अरू वेलामा यहाँ बलि पनि चढाइन्छ। यस मन्दिरको खास महत्व चाहिं बैतडीनिवासीहरूले आफ्नो जन्मपत्री बनाउँदा जन्मपत्रिका अगाडि "कुल्लेकोटे दुर्गानिकोटे" भनी लेखी शुरू गर्ने गरेको देखिन्छ, यदि यस मन्दिरको विशेष महत्व नभएको भए यसरी कदापि ठूलो मान्यता दिने थिएनन्।

बैतडीशहरमा जगन्नाथजीको मन्दिरलाई अतिप्राचीन मन्दिर भनी मान्दछन्। मन्दिर एउटा सानो ढिस्को जस्तो ठाउँमा छ। मन्दिरभित्र जाने प्रवेशद्वारनिर दायाँपट्टि गणेशका दुइ मूर्ति छन् र बायाँपट्टि लक्ष्मीको एउटा मूर्ति र एउटा शिलालेख पनि छ। यहाँ पनि मन्दिरको भित्र मुख्य-कोठामा जान मनाही रहेछ। मेला, पर्वमा बाहेक अरू वेलामा जगन्नाथजीको प्रतिमाको दर्शन नपाइने हुनाले साह्रै अफशोस लाग्यो। यहाँ हरेक वर्ष कार्तिक महीनामा मेला लाग्दछ। मन्दिरको वास्तुकला खास तारीफयोग्य नभए तापनि मन्दिर-वरपर झुण्ड्याइराखेका घण्टाहरू र मन्दिरको कतै कतै कुँदिएका काठका बुट्टाहरू भने राम्रै देखिन्छन्।


शहरमा अर्को एक आधुनिक मन्दिर छ। यो मन्दिर कृष्णजीको हो। श्री कृष्णको प्रतिमा सिंहमरमरको छ र खास उल्लेखनीय चाहिं दुइवटी गोपिनीहरूका प्रस्तर प्रतिमा हुन्।

बैतडीको धामी गाउँपञ्चायतमा "त्रिपुरासुन्दरी" को मन्दिर छ। यो मन्दिर बैतडीका प्राचीन मन्दिरहरूमध्येको एक हो। शायद बैतडीको विशाल, कलापूर्ण र प्रख्यात मन्दिर-हरूमध्ये यो मन्दिर पनि एक हो। भाद्र पूर्णिमामा यहाँ ठूलो मेला लाग्दछ। यस मेलामा सयकडौं संख्यामा बोका, राँगा आदि बलि चढाइन्छ। साथै कार्तिक र आषाढमा पनि यहाँ मेला लाग्दछ। मन्दिर छानेशैलीको छ र यो मन्दिर सुरक्षित तथा आकर्षित छ।


त्रिपुरासुन्दरीको मन्दिर एउटा ठूलो समथर जग्गामा छ। मन्दिरका प्रवेशद्वारहरू विभिन्न आकारका ढलौटका घण्टाहरूले सिंगारिएका छन्। मन्दिरवरपर पनि यस्तै अरू सयकडौं घण्टाहरू झुण्डिएका छन्। मन्दिरको मुख्य पूजाकोठा-मा प्रवेशनिषेध छ। मन्दिरभित्र एउटा लामो शिलाबाहेक अरू केही पनि छैन भनी भन्दछन्। मुख्य देवीचाहिं यही शिलालाई मान्दा रहेछन्। यात्रा चलाउन एउटा अलग्गै प्रस्तरको मूर्ति तयार गर्ने गरेको बुझिन्छ। कार्तिक र आषाढ-मा देवीको यात्रा गरी मन्दिरवरपर जनताको दर्शनार्थ घुमाउने गर्दछन् र अरू बखत यो मूर्ति पनि देवीको ढुकुटीभित्रै राख्ने गर्दछन्। मन्दिरको बाहिर बरण्डाको एक कुनामा मेला, पर्व आदिमा बलि दिने कार्य हुन्छ।

त्रिपुरासुन्दरीको मन्दिरवरपरको चौरमा केही पत्थरका मूर्तिहरू छन्। घामपानीले गर्दा ती मूर्तिहरू धेरै नै खराब भैसकेका छन्, तापनि वराहको मूर्तिसहितको प्रस्तरको स्तम्भको टुक्रा र चामुण्डाको मूर्तिचाहिं प्राचीन तथा आकर्षित देखिन्छ। चामुण्डाको शिरको आधा भाग काटिएको छ। कालो पत्थरमा कुँदिएको वराहको मूर्ति-सहितको स्तम्भमा वराहले दायाँ हात र दाराले पृथ्वी-लाई उचालेको छ। यी मूर्तिहरू पन्ध्रौं शताब्दीतिरका जस्ता देखिन्छन् (फलक नं. ५ ख)।

साथसाथै ऐतिहासिक कागजातहरूको पनि संङ्कलन



क, श्री काजी रणजोर थापाले व्यासभोटका पंचलाई लेखेको पत्र। पृ. २९




ख, श्री बडा चौतरिया बम शाहले जुमला, हुमलाका रैतीलाई लेखेको पत्र। पृ. २९




क, उकुंको भग्नावशेषमा रहेको ताण्डवनृत्यको शिवमूर्ति । पृ. ३०



ख, उकुंको भग्नावशेषमा रहेको हरिशंकर (विष्णु) को मूर्ति । पृ. ३०




क, उकुं शैपाल माणुमा रहेको सिंहवाहिनी भगवतीको मूर्ति । पृ. ३०



ख, वैतडी देवलहाटको चार मन्दिरको दृश्य । पृ. ३३



**क,** बैतडी देवलहाटको चार मन्दिरभित्रको उमामहेश्वरको भग्नमूर्ति । पृ. ३३



**ख,** त्रिपुरासुन्दरीको मन्दिरमा रहेको वराहसहित पत्थरको खम्बा टुक्रा । पृ. ३४



श्री चौतरिया बम शाह र सरदार निर्भयसिंह थापाले
गरिदिएको राहादानी । पृ. ३५

हुँदैथियो । करीब करीब पचास, साठीको लागतमा महत्वपूर्ण सक्कली कागजातहरू सङ्कलन गर्‍यौं र सयकडौंको संख्यामा अरू त्यस्तै कागजातहरूको फोटो उतार्ने कार्य भयो । त्यसका अलावा केही हस्तलिखित ग्रन्थहरू पनि फेला पारियो । यी सबै माथि उल्लिखित सामग्रीहरू स्थानीय जनताको सौजन्यताबाट विनामूल्य प्राप्त भएका हुन् । ती कागजातहरूमध्ये सम्वत् १८७३ को चौतरिया बम शाह र सर्दार निर्भयसिंह थापाले गरिदिएको राहदानीपत्र, सम्वत् १८७७को मानाछापबारेका पत्र, सम्वत् १८६७ मा काजी दलभञ्जन पाण्डेले काजी अमृतसिंह थापालाई वरननाथ जोगीले नेपालको एकीकरण गर्दा डोटीमा हमला गर्दा मद्दत दिएबापत स्वराड, बैतडीको बिर्ता थामिदिएको बारे पत्र र सोही विषयमा संवत् १८६३ र १८६८ सालमा स्वस्ति श्री मन्महाराजाधिराजबाट निज जोगीलाई गरिदिएको लालमोहर आदि छन् । यसको साथसाथै पाल र चन्दहरूको वंशावलिको केही अश पनि भेट्टिएको छ । सम्वत् १९२२ मा डोटी, बैंतडी गर्खा बस्ने मधोचन्दले तत्कालीन महाराजाधिराजलाई आफ्नो पुर्खाले चढाईं गर्दा मद्दत दिएबापत खान्गी पाऊँ भनी चढाएको बिन्तिपत्र र चौतरिया बम शाह र निर्भयसिंह थापाले गरिदिएको राहदानी आदि विशेष उल्लेखनीय छन् (फलक न. ६) ।

यी कागजातहरूको विस्तृत अध्ययन गर्नाले पश्चिम नेपालको इतिहासको साथसाथै सम्पूर्ण नेपालको नै १८ रौं शताब्दीयताको इतिहासबारे अझ नयाँ कुराहरू थाहा पाउन धेरै मद्दत मिल्दछ ।